**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs Date: 15.10.2024**

## CM-Mandir Puja

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ आज बिहान पहाडी माता मन्दिरमा सम्पन्न पूजामा सरिक हुनुभयो। उहाँले आफ्नो आधिकारिक फेसबुक पोस्टमा भन्नुभएको छ, आज बिहान पहाडी माता मन्दिरमा सम्पन्न पूजामा सहभागी हुन पाउनु साँच्चै दिव्य र अनुपम अनुभव थियो। सिक्किम र यहाँका जनताको कल्याण र समृद्धिका लागि सच्चा हृदयले प्रार्थना गर्ने अवसर पाउँदा मैले अत्यन्तै धन्य महसुस गरेको छु।

## World Students Day

देशका 11 औँ राष्ट्रपति र भारतका मिसाइल म्यान स्वर्गीय डा. ए.पी.जे. अब्दुल कलामका सम्मानमा अक्टोबर 15 को दिन **विश्व विद्यार्थी दिवस** मनाइन्छ। डा. कलामले भन्नुभएको थियो, "आफ्नो सपना साकार पार्नुअघि पहिले सपना देख्नुपर्छ।" डा. कलामको विद्यार्थीहरूसँग रहेको गहिरो बन्धनले गर्दा उहाँलाई उनीहरूको गहिरो विश्वास प्राप्त थियो। यसै सम्बन्धलाई ध्यानमा राख्दै, प्रत्येक वर्ष डा. कलामका जन्मदिनमा **विश्व विद्यार्थी दिवस** मनाइन्छ। यस वर्षको विश्व विद्यार्थी दिवसको विषय **'विद्यार्थीहरूलाई परिवर्तनका माध्यम हुन सशक्त बनाउने'** रहेको छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज डा. कलामप्रति उहाँका जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभयो। श्री मोदीले भन्नुभएको छ, सुप्रसिद्ध वैज्ञानिक एवं पूर्व राष्ट्रपति डा. एपीजे अब्दुल कलाम जीलाई उहाँको जयन्तीका अवसरमा आदरपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। उहाँको सोच र चिन्तन विकसित भारतको सङ्कल्पलाई साकार पार्नमा धेरै लाभदायी सिद्ध हुनेछ।

## EDU-Minister-AI

केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले आज नयाँ दिल्लीमा स्वास्थ्य, कृषि र दिगो शहरहरूमा केन्द्रित तीन आर्टिफिसियल इन्टेलिजेन्स उत्कृष्ट केन्द्रहरूको घोषणा गर्नुभयो। उहाँले यी केन्द्रहरूले अनुसन्धान, नवप्रवर्तन र अर्थतन्त्रलाई प्रवर्धन गर्न र जन-कल्याण सुनिश्चित गर्न प्रमुख भूमिका खेल्ने जानकारी दिनुभयो। यी तीन उत्कृष्ट केन्द्रहरूलाई शीर्ष शैक्षिक संस्थाहरूले उद्योग साझेदार र स्टार्टअपहरूसँगका सहकार्यमा नेतृत्व गर्नेछन्। यी केन्द्रहरू AIIMS दिल्ली, IIT Ropar र IIT कानपुरमा स्थापना गरिनेछन्। AIIMS दिल्लीको केन्द्रले IIT दिल्लीका साथमा स्वास्थ्य क्षेत्रमा काम गर्नेछ, IIT Ropar को केन्द्रले कृषिमा काम गर्नेछ र IIT कानपुरको केन्द्रले दिगो शहरका लागि काम गर्नेछ। श्री प्रधानले यो ऐतिहासिक निर्णयले ए.आईमा देशको स्थिति बलियो बनाउने र 10 वर्ष पछि यी AI उत्कृष्ट केन्द्रहरूले विश्वलाई समाधान दिने माध्यमका रूपमा काम गर्ने बताउनुभयो।

## Gyalsing-CM

सिक्किम राज्यमा संस्कृत भाषाका विकासमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गरेको प्रयासलाई सराहना गर्दै, 85 संस्कृत शिक्षकहरूले उहाँप्रति आभार व्यक्त गरेका छन्। विज्ञप्तिमा, संस्कृत भाषाको संरक्षण र प्रचारमा महत्त्वपूर्ण भूमिका खेल्ने प्रति समर्थन गरी शिक्षा क्षेत्रमा गरेको प्रयासलाई प्रशंसा गरिएको छ। स्मरण रहोस्, पहिला यी शिक्षकहरूलाइ राष्ट्रिय शिक्षा संस्थान मार्फत नियुक्ति दिइएको थियो र उनीहरूले कम बेतनमा काम गरिरहेका थिए। अब सरकारले यसै वर्षदेखि राज्यको शिक्षा विभागमा नियुक्ति गरिने उदेश्यले 85 शिक्षकहरूलाई राज्यको  शिक्षा विभागमा नियुक्ति दिने भएपछि उनीहरू सरकार र मुख्यमन्त्रीप्रति आभारी भएका छन्।  यसले संस्कृत भाषाको विकासलाई गति दिने नयाँ दिशामा परिवर्तन ल्याउने दह्रिलो उदेश्य रहेका विज्ञाप्तिमा जनाइएको छ। साथै, संस्कृत  शिक्षाकहरूको मागलाई सरकारसम्म पुऱ्याएर सहयोग गरेकामा यी शिक्षकहरूले अखिल सिक्किम पण्डित पुरोहित  संगठनका अध्यक्षलाइ पनि धन्यवाद दिएका छन्।

## Kickboxers

सिक्किमका दुई किक-बक्सरहरूले नोम पेन, कम्बोडियामा हालै सम्पन्न भएको एसियाली किकबक्सिङ सिनियर्स च्याम्पियनसिप 2024 मा देशका लागि एक-एक वटा रजत पदक जितेर देश र राज्यलाई गौरवान्वित तुल्याएका छन्। यस अन्तर्राष्ट्रिय स्तरका च्याम्पियनसिपमा देशका लागि रेणुका राई र अञ्जली सुब्बाले एक-एक रजत पदक जितेका छन्। यस च्याम्पियनसिपमा सिक्किमका चार महिला किक-बक्सरहरू टिम इन्डियाको हिस्सा रहेका थिए। त्यसै गरी, फुर डिकी शेर्पा र सृजना छेत्रीले पनि राम्रो खेल खेले पनि पदक जित्न भने सकेनन्।  सिक्किम एसोसिएसन अफ किकबक्सिङ अर्गनाइजेसन, साको-ले प्रतिष्ठित एशियन किकबक्सिङ च्याम्पियनसिपमा देशको प्रतिनिधित्व गर्ने र देशका लागि पदक जित्ने सिक्किमका सबै किक-बक्सरहरूलाई बधाई दिएको छ। साथै संघले उनीहरूलाई आगामी प्रतियोगिताका लागि शुभकामना व्यक्त गरेको छ।